# बालसाहित्य र बालबालिकको भविष्य

विनयकुमार कसजू

***उनीहरुको प्रसंसा गर्नुस्, उनीहरुको असल साथी बन्नुस्, उनीहरुसँग खेल्नुस्, गाउनुस्, नाच्नुस्, किनकि बालबालिकालाई माया गर्नु जस्तो महत्वपूर्ण कुरा संसारमा केही छैन । – अज्ञात***

असल नागरिकले मात्रै देश र समाजको भविष्य उज्यालो बनाउन सक्छ । असल नागरिक बनाउन बालबालिकालाई असल बनाउनु पर्छ । देशको भविष्य उज्यालो बनाउनु भनेको बालबालिकाको भविष्य उज्यालो बनाउनु हो ।

बालबालिकाको शारीरको विकासको लागि जसरी पोसिलो भोजन चाहिन्छ, त्यसरी नै उनीहरुको बुद्धि, पढाइ र सिक्ने क्षमता बढाउन तथा उनीहरुको सामाजिक, र संवेगात्मक विकासका लागि बालबालिकालाई मानसिक खुराक चाहिन्छ ।

बालसाहित्यले बालबालिकालाई चाहिने असल, पोषिलो र सही खुराक दिनसक्छ । शिशु जन्मेदेखि किशोरावस्था पार नगर्दासम्मको अवस्थाका बालबालिकाका लागि विभिन्न प्रकारका बालसाहित्य चाहिन्छ । बालबालिकालाई सही उमेरमा सही बालसाहित्य चाहिन्छ । सही उमेरमा सही बालसाहित्य पढनु पर्छ । बालबालिकालाई चाहिने स्वस्थ, मनोरंजनात्मक तथा ज्ञानवर्द्धक साहित्य उपलब्ध गराउनु राज्य, समाज र आमाबाबु/अभिभावकको जम्मेवारी हो ।

बालसाहित्यमा बालबालिकाको उमेर अनुसार उनीहरूलाई उपयोगी र उनीहरूले पढ्न रुचाउने गद्य, पद्य, आख्यान, वृत्तान्त आदि हुन्छन् । समालोचक राजेन्द्र सुवेदीका अनुसार, “बालसाहित्यको सृजना बालकको उमेरको हद, ग्रहणशीलता, परखक्षमता, मनोवैज्ञानिक विकास आदिलाई दृष्टि दिएर गरिएको हुनुपर्छ । त्यस्तो साहित्यिक रचना नै बालसाहित्य हो । ..... विद्यालयस्तरका बालबालिकाको मानसिक अवस्था र बौद्धिक तहलाई दृष्टि दिएर स्रष्टाले सृजना गरेको कृति बालसाहित्य हो । बालकहरूले आत्मसात् गर्न सक्ने विषय, भाव, कला, शिल्प र प्रस्तुतीकरणका आधारमा रचित साहित्य बालसाहित्य हो । बालसाहित्यको विषय क्षेत्र व्यापक छ, बालसाहित्य शब्दको सीमा व्यापक छ । ..... समाज, जीवन र परिवेशलाई सुहाउने र यथार्थ ढंगले सोच्न सकिने रूप प्रदान गरेर लोकसाहित्य, पौराणिक र वैज्ञानिक एवं सामाजिक विषयस्रोतका वस्तुलाई बाल्य-उपभोक्ता बजारको उपयोगी, रोचक, आकर्षक र कौतुकतापूर्ण शिल्पमा शिक्षाप्रद बनाएर प्रस्तुत गरिने सामग्री नै बालसाहित्य हो ।”

बालसाहित्य अन्तर्गत चार प्रकारका साहित्यलाई बालसाहित्य मान्ने गरिएको छ ।

१) बालबालिका र किशोरहरूले लेखेको साहित्य । यसमा लेखक बालबालिका वा किशोर हुन्छन् । विश्वमा बालबालिकाले लेखेका नामी किताबहरु छन् । नेपाली बालबालिकाले पनि राम्राराम्रा बालसाहित्य लेखेका छन् ।

२) बालबालिकाको लागि लेखिएको साहित्य । बालसाहित्यको यो सबैभन्दा धेरै प्रचलित परिभाषा हो । बालबालिकालाई लक्षित गरी लेखिएको सबै साहित्य बालसाहित्यको भन्ने यसको आसय हो ।

३) बालबालिकाका लागि भनेर छानिएका पुस्तक । यो अलि साँगुरो परिभाषा हो । यसमा अभिभावक वा शिक्षकले बालबालिकाका लागि साहित्य रोज्ने काम गर्छन् ।

४) बालबालिकाले रोजेका पुस्तक । यो सबैभन्दा धेरै फराकिलो परिभाषा हो । कुने पनि पुस्तक जसले लेखेको भए पनि बालबालिकाले रुचाए भने त्यो बालसाहित्य हुन्छ । उहिले वयस्काले

मात्रै पढने भनेर निस्केका कतिपय पुस्तक बालबालिकाले रुचाएर पढ्न थालेपछि त्यो बालसाहित्य बनेका धेरै पुस्तक छन् ।

बालसाहित्य कहिले सुरु भयो भने किटान गरेर भन्न सकिन्न । तर यसको इतिहास लामो र रोचक छ । खोज्दै जाँदा पश्चिममा यो युनानी नीति कथा **इसपका नीति कथा** (इसप्स फेबल्स) सम्म पुग्छ । पूर्वमा **पंचतन्त्रका** कथासम्म पुग्छ । यी दुबै कथा संग्रहका कथाहरू अहिले पनि रुचिपूर्वक पढिन्छन् । कतिपय साहित्यकारहरूले इसपका नीति कथा र पंचतन्त्रका कथाहरूलाई आधार बनाएर नयाँनयाँ कथाहरू लेख्दै बालसाहित्यको भण्डार भरेका छन् ।

उत्कृष्ट र लोकप्रिय बालसाहित्य एक पुस्ताबाट अर्को पुस्तामा सर्दै सर्दै आइरहेको छ । समय, समाज र प्रविधिको परिवर्तनसँगै विषयवस्तु, पात्र, कथानक र प्रस्तुतिमा धेरै परिवर्तन आएको छ ।

बालबीलकाका पुस्तकमा पनि वयस्कका चासो र चिन्ताका कुराहरूले प्रवेश पाउन थालेका छन् । साथै वयस्कहरूले पनि बालकहरूले जस्तै बडो रुचिसाथ बालसाहित्य पढने गरेको पाइन्छ । अर्कोतिर बालबालिकाले पढ्न हुरुक्क गर्ने कमिक बुक र कार्टुन सिनेमाहरूमा वयस्कका चासो र समस्याका विषय नै मुख्य रूपमा रहेका छन् । सबै कार्टुनका कथा बालबालिकाका लागि उपयुक्त मानिँदैनन् ।

अर्को विचारणीय पक्ष के छ भने बाल्यपनबारे मानिसको अवधारणा पनि समयानुसार फेरिँदै छ । बालसाहितयका विषवस्तु र बालकथाका पात्रमा पनि परिवर्तन भइहरको छ । मानव समाजको विकाससँगै बालसाहित्यको पनि विकास भइरहेको छ । अन्धविश्वासले जरा गाडेको समाजको बालसाहित्य पनि अन्धविश्वासमा आधारित थिए । त्यस बेला परी, बोक्सी र सौतेनी आमाका कथा र जादुगरी पात्रहरूको बाहुल्य हुन्थ्यो । त्यसपछि दैत्य, राक्षस, अर्द्धमानव, पशुमानव, बामपुड्के, डाइनासोर आदि पात्र आउन थाले । बालमनोविज्ञानको विकास भएपछि बालसाहित्यले ठूलो फड्को मार्‍यो भने प्रविधिको विकास भएपछिका बालसाहित्य अहिले विकासको सुरुको चरणमा छ । जादुको चमत्कार, बोक्साबोक्सीका कथा अहिले नयाँ प्रविधिको सहयोग लिएर लोकप्रिय बन्ने होडमा छ । डिजिटल प्रविधिले बालसाहित्यको विषयवस्तु मात्रै बदलिरहेको छैन, अपितु बालसाहित्यको माध्यम र प्रविधिमा नै अकल्पनीय परिवर्तन ल्याउँदैछ ।

नेपालमा बालसाहित्यको पहिलो पुस्तक प्रकाशित भएको एक सय सोह्र वर्ष भइसकेको छ । अहिलेसम्म सोह्र सयभन्दा धेरै शीर्षकका बालपुस्तक प्रकाशित भइसकेका छन् । अहिले वर्षमा दुई सयभन्दा धेरै बालपुस्तक छापिन थालेका छन् । केही वर्षअघि सम्म एउटा शीर्षकको पुस्तक एक हजार प्रति छापिन्थ्यो भने अहिले पाँचहजार भन्दा धेरै प्रति छापिन थालेको छ । तै पनि यो संख्या साह्रै थोरे हो किन भने नेपालको जनसंख्याको आधा संख्या अर्थात झण्डै डेढकरोड ० देखि १८ वर्षका बालबालिका छन् । साथै हरेक वर्ष छ लाख भन्दा धेरै बालबालिका थपिन्छन् ।

बालसाहित्यले अब आमाबाबु, समाज वा देशको चासोको मात्रै विषय नभएर विश्वकै चासोको विश्वय बनेको छ । यसका पछाडि धेरै कारण छन् :

१ संसारको कुनै गाउँमा बालबालिका कसरी हुर्कंदै छ भन्ने कुराले अब विश्वकै शान्ति सुरक्षा र हितमा प्रभाव पार्न सक्ने भएको छ । सानैदेखि हत्या, हिंसा, आतंकका कुरा पढ्ने, हेर्ने, सुन्ने वातावरणमा हुर्केको बच्चा पछि गएर अपराधी र आतंककारी बनेर समाज र देशकै लागि खतरा बन्न सक्छ ।

२ संसारमा धेरै खालका मानिस छन् । वर्ण, रंग, भाषा, धर्म, जाति, राजनीतिक विचार धेरै फरक भएका मानिसहरु संसारभरि छन् । कुनै एउटा भाषा, कुनै धर्म वा विचार नै सबैभन्दा राम्रो हो अरु सबै नराम्रो भन्ने भावनाले गर्दा संसारमा धेरै लडाइँ र अशान्ति मच्चिइसकेको छ । यसैले

अब सबै भाषा, धर्म, वर्ण, जाति सबै विविधितालाई सबैले मान्यता दिनु पर्छ, सम्मान गर्नु पर्छ । यो कुरा सानैदेखि सिक्नु सिकाउनु पर्छ । नेपाल पनि अब संघीय गणतन्त्र बन्दैछ । हरेक बालबालिकाले हिमाल पहाड तराइमा बस्ने विभिन्न जाति, धर्म, संस्कृति मान्ने, विभिन्न भाषा बोल्ने नेपालीहरुलाई बुझ्नु र सम्मान गर्नु पर्छ । यसको लागि पनि हामीलाई त्यसप्रकारको बालसाहित्यको आवश्यकता छ ।

३ अहिले विश्व साँगुरो बनेको छ । एक देशको मानिस अर्को देशमा जानु र काम गर्नु सामान्य बन्दैछ । काम र मामको लागि प्रतिस्पर्धा पनि बढिरहेको छ । अब स्कुलको पढाइले र जाँचमा पहिलो भएर मात्रै समाजमा प्रतिस्पर्धा गरेर बाँच्न गाह्रो हुँदै गएको छ । यसैले बालबालिकालाई नवीनतम विषयमा जानकार र योग्य बनाउन र विश्वका विभिन्न समाज र संस्कृतिमा मिसिन सक्ने बनाउनका लागि पनि उपयुक्त बालसाहित्यको खावश्यकता छ ।

४ उहिलेका बालबालिकाले आमाबाबु, अभिभावक र शिक्षकहरुबाट जीवनका मूल्यमान्यता र असल शिक्षा सिक्थे तर अहिले मिडिया अर्थात् रेडियो, टेलिभिजन र इन्टरनेटले बालबालिकालाई के गर्ने के खाने, के लाउने के बोल्ने भन्ने सबै कुरा सिकाइरहेको छ । आमाबाबु र शिक्षकहरुले बालबालिकालाई माया गर्छन र उनीहरुको हित चाहन्छन् । उनीहरुप्रति आमाबाबु र शिक्षकहरुको जिम्मेवारी पनि छ । तर मिडियोको कुनै माया वा जिम्मेवारी हुँदैन । मिडियाबाट बालबालिकाले नराम्रा कुरा पनि सिक्न सक्छन् । यसकारण बालबालिकालाई मिडियोको खतरा र हानीबाट जोगाउन असल र सही बालसाहित्य चाहिएको छ ।

५ संसारमा अहिले जलवायु परिवर्तनको समस्या बढिरहेको छ । यसलाई कम गर्न मानिसको आनीबानी, उपभोग गर्ने व्यवहारमा परिवर्तन गर्नु आवश्यक छ । यो काम सानैदेखि सुरु गरे मात्रै संभव हुन्छ । यसैले विश्वका जल्दाबल्दा समस्यालाई मत्थर पार्न पनि सही बालसाहित्यको अवश्यकता दिनदिनै बढिरहेको छ ।

वास्तवमा बालबालिकालाई सबैले माया गर्छन् । तर कसरी माया गर्ने भन्ने कुरा धेरैलाई थाहा हुँदैन । मिठो ख्वाएर र राम्रो लुगा लाएर मात्रै बालबालिकालाई माया गरेको ठहरिन्न । उनीहरुलाई राम्रो, सभ्य र सुसंस्कृत बोलीबचन व्यवहार र चिन्तन गर्न सिकाउनु पर्छ । यो काम बालसाहित्यले जति प्रभावकारी तरिकाले अरुले गर्दैन । यसैले बालबालिकालाई माया गर्नु भनेको असल बालसाहित्य पढने बानी विकास गर्नु हो । यदि तपाई बालबालिकालाई माया गर्नु हुन्छ भने बालसाहित्यलाई माया गर्नुहोस् । बालसाहित्यका पुस्तक पढ्न उपहार दिनुस् । घरमा बालसाहित्य पढ्ने वातावरण बनाउनुस् । बालपुस्तकालयमा रमाउने बानी विकसित गराउनुस् ।

धन्यवाद ।

नेपाल बालसाहित्य समाजको पाल्पा, तानसेनमा सम्पन्न २१ औं अधिवेशनका अवसरमा **पाल्पा दैनिक**को **बालसाहित्य विशेषांक**मा २०६७ फागुन १४ गते शनिवार प्रकाशित ।